  - करारमा कार्यरत कर्मचारीहरूको सेवा शर्तका विषयहरू, संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट फाजिलमा पर्ने कर्मचारीहरूको व्यवस्थापन सम्बन्धमा भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट गठित समितिलाई

आवश्यक मार्गनिर्देशन तथा पृष्ठपोषण प्रदान गरिएको तथा सरोकारवालाहरूसँग समन्वय बैठक बसेको।

सचिव बैठकका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा

५.२ मन्त्रिपरिषद् बैठक शाखा, मन्त्रिपरिषद् समिति तथा संवैधानिक निकाय शाखा

- २०८३ साल साउन १ गतेदेखि असोज मसान्तसम्म १६ वटा मन्त्रिपरिषद् बैठक बसी ४२१ वटा निर्णयहरू भएको।
- यस त्रैमासिक अवधिमा मन्त्रिपरिषद्को विधेयक समितिको ६ वटा बैठक सम्पन्न भई १३ वटा निर्णयहरू भएको।

नेपाल सरकार (मन्त्रिपरिषद् बैठक) का निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस्

मन्त्रिपरिषद् समितिका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

प्रशासन महाशाखा

५.३ प्रशासन शाखा

- सबै मन्त्रालय, प्रदेश र स्थानीय तहमा विभिन्न कारणबाट विज्ञापन वा सूचना रद्द भएको अवस्थामा दरखास्त दस्तुर वापतको रकम उम्मेदवार खातामा फिर्ता गर्ने व्यवस्थाका भएको निर्णय कार्यान्वयनका लागि पठाइएको।
- सार्वजनिक सेवा प्रवाहलाई सरल र प्रविधिमा आधारित बनाउन स्वीकृत मार्गदर्शन कार्यान्वयनका लागि सबै निकायमा पठाइएको।
- यस कार्यालय र मातहका कर्मचारीहरू (राजपत्र अनङ्कित र राजपत्राङ्कित उपसचिव वा सो सरह सम्मको कर्मचारी) को कार्यसम्पादन मूल्याङ्कन सम्पन्न गरी तोकिएको समयभित्रै सेवा सञ्चालन गर्ने मन्त्रालय र लोकसेवा आयोगमा पठाइएको।
- नेपाल सरकारका सबै मन्त्रालय/आयोग सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहमा नेपाल सरकार तथा अन्तर्राष्ट्रिय दातृ निकायबाट सञ्चालन हुने वैदेशिक तालिम/गोष्ठीमा सहभागी भई हासिल गरेको ज्ञान, सिप एवम् सिकाई अनुभव

आदानप्रदान कार्यक्रम सञ्चालन गर्न/ गराउन भएको निर्णय कार्यान्वयनका लागि पठाइएको।

- नेपाल सरकार मन्त्रिपरिषद्बाट यस कार्यालय र अन्तर्गत कार्यालयका ३१ कार्यालयको संगठन संरचनाको व्यवस्थापन सर्वेक्षण भई पद दर्ताको कार्य सम्पन्न गरी स्वीकृत दरवन्दी अनुसारको कर्मचारीको पदस्थापन गरिएको।
- सार्वजनिक निकायको वेबसाइटमा कार्यालय प्रमुख, प्रवक्ता तथा सूचना अधिकारीको विवरण अद्यावधिक नहुने र टेलिफोन वा मोबाइल नउठ्ने जनगुनासोलाई सम्बोधन गर्न नेपाल सरकारका सबै मन्त्रालय, आयोग, सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवम् स्थानीय तहहरूलाई आ-आफ्नो वेबसाइटमा कर्मचारी तथा जिम्मेवार पदाधिकारीहरूको सम्पर्क विवरण तत्काल अद्यावधिक गरी नागरिकका गुनासो र माग गरिएका सूचना समयमै सम्बोधन/उपलब्ध गराउने व्यवस्था मिलाउन भएको निर्णय पुनः ताकेता गरिएको।
- नेपाल सरकार तथा अन्तर्राष्ट्रिय दातृ निकायबाट सञ्चालन हुने वैदेशिक तालिम/गोष्ठीमा सहभागी हुन यस कार्यालयको पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था बमोजिम प्राप्त हुन आएका वैदेशिक मनोनयनका विषयमा पूर्व स्वीकृति प्रदान गर्ने कार्य निरन्तर भइरहेको।
- वि.सं.२०८३ साल भदौ १० गते नेपाल-चीन सीमा क्षेत्र रसुवागढी र भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट मानवीय, आर्थिक, सामाजिक तथा पूर्वाधार क्षेत्रमा भएको क्षति र नोक्सानीको विस्तृत मूल्याङ्कन गरी पुनर्निर्माण योजना तथा वित्तीय आवश्यकता अनुमानसहितको विपद्पछिको आवश्यकता मूल्याङ्कन (PDNA) प्रतिवेदन तयार गर्न नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८३/५/१२ मा भएको निर्णय राष्ट्रिय योजना आयोगमा पठाइएको।
- यस कार्यालय तथा अन्तर्गतका निकायका कर्मचारी तथा पदाधिकारीहरूको नियमित सरूवा, बढुवा, नियुक्ति, पदस्थापन, निवृत्तिभरण, अध्ययनका लागि पूर्व स्वीकृति, मनोनयन, बिदा, काज तथा वैदेशिक भ्रमण सम्बन्धी कार्य गरिएको।
- आर्थिक वर्ष २०८२/८३ को जिन्सी निरीक्षण प्रतिवेदन तयारीका लागि गठित जिन्सी निरीक्षण समितिले कार्यालयको स्वामित्वमा रहेका जिन्सी सामग्रीहरूको प्रत्यक्ष निरीक्षण गरी प्रतिवेदन पेश गरेको।

५.४ आर्थिक प्रशासन शाखा

- आ.व. ०८२/८३ को विनियोजन, राजस्व, धरौटी, कार्य संचालन कोष (विविध) को आन्तरिक लेखापरीक्षण सम्पन्न गराइएको।
- यस कार्यालयमा रहेको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा मिति २०८३/७/१३ गते विहान ९ बजेभित्र रु. १८ अर्ब ३१ करोड १० लाख ९४ हजार ३ सय ४९ रूपैँया जम्मा भएको। उक्त कोषबाट कोष सञ्चालन समितिको मिति २०८३/५/१६ को निर्णयबाट रु. १ अर्ब राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण अन्तर्गतको विपद व्यवस्थापन कोषमा निकासा गरिएको। विपद् प्रभावित जिल्ला र स्थानीय तहहरूबाट माग भई आएबमोजिम प्राधिकरणले आवश्यक रकम विपद् व्यवस्थापन कोषबाट सम्बन्धित स्थानीय तहमा पठाउने व्यवस्था रहेको।
- यस शाखाको वार्षिक कार्यक्रम अन्तर्गतको बेरुजु फर्छ्यौट समन्वय तथा अनुगमनको लागि सिन्धुपाल्चोकस्थित कोष तथा लेखा नियन्त्रक कार्यालयको अनुगमन गरिएको र जिल्लाभित्रको संघीय कार्यालयहरूको को.ले.नि.का.बाट आन्तरिक लेखापरीक्षण गर्दा दुई वटा कार्यालयहरूको कर दाखिला र पेश्की सम्बन्धी बेरुजु रहेको देखिएको।

५.५ सूचना, प्रेस तथा संसद समन्वय शाखा

- सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्दै यस कार्यालयका सूचना अधिकारी र कार्यालय प्रमुखलाई सम्बोधन गरी यस अवधिमा विभिन्न व्यक्ति तथा संस्थाबाट माग भएका ५२ वटा सूचना उपलब्ध गराइएको।
- राष्ट्रिय सूचना आयोग लगायत सरोकारवाला निकायबाट माग भई आएका शाखासँग सम्बन्धित विवरण समयमा नै उपलब्ध गराइएको।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम १ (एक) वटा स्वतः प्रकाशन सार्वजनिक गरिएको।
- प्रतिनिधि सभा र राष्ट्रिय सभाको अधिवेशनमा उठेका सवालहरूको नियमित रुपमा टिपोट गरी एकीकृत विवरण तयार गरी रिपोर्टिङ गरिएको र संसदको रिपोर्टिङ कार्यलाई प्रभावकारी र व्यवस्थित बनाउनका लागि सबै मन्त्रालयबाट टिपोटका लागि खटिएका कर्मचारीहरूसँग निरन्तर समन्वय गरिएको।
- यस कार्यालय र अन्तर्गतका निकायहरूबाट साप्ताहिक रूपमा सम्पादन भएका कार्य/निर्णयहरू प्रत्येक हप्ताको शुक्रबार मिडिया बिफ्रिङ मार्फत सार्वजनिक भइरहेको।

५.६ राष्ट्रिय सुरक्षा तथा प्रदेश समन्वय शाखा

- **अन्तरक्रिया तथा छलफल कार्यक्रम:**
  - सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिमका विषयगत समितिका सचिवहरूसँग यस कार्यालयका शासकीय मामिला क्षेत्र हेर्ने सचिवको अध्यक्षता र नेपाल सरकारका मुख्यसचिवको प्रमुख आतिथ्यतामा छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।
  - मन्त्रालय तथा स्थानीय तहको बीचमा समन्वय कायम गरी नीति तथा योजना कार्यान्वयन र विकास निर्माण लगायतका काममा प्रभावकारिता ल्याउन सङ्घीय मन्त्रालयका मन्त्रीज्यूको अध्यक्षतामा गठन हुने विषयगत समितिका सचिवहरू (सङ्घीय मन्त्रालयका मन्त्रीज्यूले तोक्नु हुने मन्त्रालयका सहसचिव) सहितको अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको। उक्त अन्तरक्रियामा भएका ८ बुँदे निर्णयहरू आवश्यक कार्यान्वयनका लागि विषयगत समिति रहेका सम्बन्धित मन्त्रालयहरूमा पठाइएको।
  - कोशी प्रदेशको राजधानी विराटनगरमा कुटनीतिक मामिलासम्बन्धी समन्वय कार्यक्रम तथा प्रदेश समन्वय परिषद्का निर्णय कार्यान्वयनको अवस्थाका बारेमा अन्तरक्रिया र छलफल सम्पन्न गरिएको।

- **समन्वय एवम् सहजीकरण समितिको बैठक:**
  - नेपाल सरकार र जेन-जी आन्दोलनका प्रतिनिधि बीच मिति २०८२/८/२४ मा भएको सम्झौता तथा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३/३/१८ को निर्णयबाट स्वीकृत जेन-जी आन्दोलनका शहीद परिवार तथा घाइतेहरूका लागि समन्वित पुनर्स्थापना, जीवनयापन तथा सामाजिक संरक्षणसम्बन्धी एकीकृत प्याकेजको प्रभावकारी कार्यान्वयनको लागि गठित जेन-जी सम्झौता तथा एकीकृत प्याकेज कार्यान्वयन समन्वय एवम् सहजीकरण समितिबाट सो सम्बन्धमा भएका निर्णय सम्बन्धित मन्त्रालय/निकायमा कार्यान्वयनका लागि पठाइएको। साथै, सो समितिको बैठकका निर्णय कार्यान्वयनको समीक्षा गर्दै निर्णय कार्यान्वयन गराउन आवश्यक सहजीकरण भइरहेको।

५.७ सुशासन प्रवर्द्धन शाखा

- नेपाल सरकारका मुख्य सचिवज्यूको अध्यक्षतामा विभिन्न मितिमा ४ वटा सचिव बैठक वसी भएका निर्णयहरू कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय/निकायमा पत्राचार गरिएको र निर्णय कार्यान्वयनको प्रगतिसमेत माग गरी अभिलेखाङ्कन गरिएको।
- यस कार्यालयमा सम्पत्ति विवरण बुझाउने दायित्व भएका सार्वजनिक पदाधिकारीहरूको आ.व. २०८२/८३ को सम्पत्ति विवरण संकलन गरी अभिलेखीकरण गरिएको।
- राष्ट्रिय सदाचार नीति, २०८३ को परिच्छेद ३ को ३.१(३) मा व्यवस्था भएबमोजिम सबै केन्द्रीय निकायहरुलाई सम्पर्क विन्दु तोक्नका लागि भएको निर्णय कार्यान्वयनका लागि पठाइएको।
- सार्वजनिक सेवा तत्काल सुधार कार्ययोजना, २०८३ कार्यान्वयनका लागि सबै केन्द्रीय निकाय र सबै प्रदेशमा पठाइएको र सो को प्रगति विवरण माग गरी नियमित सुधार भइरहेको।
- भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रुपमा नियन्त्रण गर्नका लागि सरकारी निकायमा कुनै किसिमको अनियमितता वा भ्रष्टाचारजन्य कार्य भएको पाइएमा निकाय/कार्यालय प्रमुखलाई नै प्रारम्भिक रुपमा जवाफदेही बनाइने बेहोरा उल्लेख गरी सबै केन्द्रीय निकाय र कार्यालयमा कार्यान्वयनका लागि पठाइएको।
- राष्ट्रिय सतर्कता केन्द्रबाट मधेश प्रदेशका ८ वटा जिल्लामा गरिएको सुक्ष्म निगरानीका क्रममा दिइएका निर्देशनहरुको कार्यान्वयनको एकीकृत प्रगति विवरण माग गरिएको र सो एकीकृत प्रगति विवरण सम्बन्धित जिल्लाका जिल्ला प्रशासन कार्यालयमा कार्यान्वयनका लागि पठाइएको।
- नेपालको संविधानको धारा ५३ बमोजिमको आर्थिक वर्ष २०८२/०८३ को नेपाल सरकारको वार्षिक प्रतिवेदनको मस्यौदा तयार गरिएको।
- भ्रष्टाचार विरुद्धको दोस्रो राष्ट्रिय रणनीति तथा कार्ययोजना कार्यान्वयन र सो कार्ययोजनाको रिपोर्टिङ संयन्त्रसम्बन्धी दोलखा र रामेछाप जिल्लामा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।

५.८ हेलो सरकार शाखा

- हेलो सरकार विद्युतीय गुनासो व्यवस्थापन पोर्टलमा मिति २०८३ असोज महिनासम्ममा दर्ता भएका कूल गुनासो १,९३,६५२ मध्ये १,०१,५८१ (५२.४६%) गुनासोहरू फछर्यौंट भएको।
- यस अवधिमा प्राप्त ४५,८४९ गुनासो मध्ये सम्वन्धित निकायमा पठाइएकोमा उक्त निकायबाट १३,०३५ गुनासो समाधान भई आएकोमा हेलो सरकारको पोर्टलबाट ६,७९६ गुनासो फछर्यौंट भएको।
- नागरिकबाट विभिन्न माध्यम (हेलो सरकार वेब पोर्टल, फेसबुक, भाइबर, एक्स, इमेल, नागरिक एप, फोन सम्पर्क तथा प्रत्यक्षरुपमा कक्षमा नै उपस्थित भएर) बाट यस त्रैमासिक समयावधिमा प्राप्त ४५,८४९ गुनासोहरू आवश्यक कारबाहीको लागि सम्वन्धित निकायमा पठाईएको।
- बागमती प्रदेशस्थित मकवानपुर र चितवन जिल्लाका सरकारी निकायका कार्यालय प्रमुख र गुनासो सुन्ने अधिकारीहरुको लागि हेलो सरकारमा प्राप्त गुनासोको सम्बोधन तथा सहजीकरण कार्यक्रम अन्तर्गत अनुगमन कार्य सम्पन्न भएको।

डिजिटल शासन तथा सूचना प्रविधि महाशाखा

५.९ सूचना प्रविधि शाखा र ए.आई तथा नवीन प्रविधि शाखा

- कार्यालयलाई आवश्यक पर्ने Computer, Laptop, Printer ICT Equipment खरिद गर्ने प्रयोजनका लागि लागत अनुमान तथा Specification तयार गरिएको ।
- AI तथा अन्य Tool हरुको License Subscription को कार्य क्षेत्रगत शर्त तथा लागत अनुमान तयार गरिएको ।
- यस कार्यलयमा सञ्चालनमा रहेका हेलो सरकार, मोनिटरिङ्ग सिस्टम, मन्त्रिपरिषद् बैठक लगायतका सिस्टमा देखिएका समस्या तथा यस आर्थिक बर्षमा गर्न सकिने सुधारका विषयहरू संकलन सुरू गरिएको।
- NIDMIS/VERSPMIS प्रणालीको Technical Backstopping सम्बन्धमा सम्बन्धित कार्यालयको विशेषज्ञ राय उपलब्ध गराईएको।
- राष्ट्रिय साइबर सुरक्षा केन्द्रबाट Identification and Assessment of Critical Information Infrastructure in Nepal को अध्ययन भइरहेको र सो सम्बन्धमा सरोकारवाला निकायहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।

- नेपाल सरकारका सरोकारवाला निकाय तथा नर्वेली प्रतिनिधिमण्डलबीच नेपाल सरकारको डिजिटल रूपान्तरण (Digital Transformation), विद्युतीय सुशासन (E-Governance), अन्तर-निकाय तथ्याङ्क आदानप्रदान (Interoperability & Data Sharing) तथा डिजिटल सार्वजनिक सेवा प्रवाह प्रणालीलाई थप सुदृढ, सुरक्षित एवम् प्रभावकारी बनाउन अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन भएको।

योजना तथ्याङ्क तथा नतिजा व्यवस्थापन महाशाखा

५.१० नतिजा व्यवस्थापन शाखा, तथ्याङ्क शाखा र योजना तथा अनुगमन शाखा

- यस कार्यालय र अन्तर्गतका निकायको चौथो त्रैमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक (वार्षिक समीक्षा) सम्पन्न भएको र उक्त बैठकका निर्णयहरू कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाइएको।
- नेपाल सरकारका मन्त्रालय/केन्द्रीय निकायको आ.व. २०८२/८३ को वार्षिक कार्ययोजनाको प्रगति समीक्षा गरिएको।
- नीति तर्जुमाका लागि आवश्यक तथ्याङ्कीय विश्लेषण क्षमता अभिवृद्धिसम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरिएको।
- संघीय संसद् सचिवालयबाट माग भएको Enhancing Good Governance and Empowering Communities through Inclusivity, Trust and Opportunities for All विषय बमोजिम माग भएका विवरण संकलन गरी पठाइएको।
- केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको ७५ औं बैठक मिति २०८३/६/१९ मा सम्पन्न भएको।

आर्थिक तथा सामाजिक विकास महाशाखा

५.११ आर्थिक मामिला शाखा, सामाजिक विकास शाखा र नीति विश्लेषण शाखा

- आर्थिक क्षेत्रका राष्ट्रिय महत्वका आयोजना तथा कार्यक्रमहरूको अनुगमन कार्यक्रम अन्तर्गत मुस्ताङ जिल्लास्थित कोरला नाका, मालढुङ्गा-बेनी-जोमसोम-कोरला सडक करिडोर तथा न्हेछुङ/कोरला सीमा क्षेत्रको पूर्वाधार संरचनाको स्थलगत अनुगमन गरिएको।

- लागू औषध नियन्त्रण राष्ट्रिय नीति, २०६३ को अध्ययन/परीक्षण अवधारणापत्र स्वीकृत भई उक्त नीतिको अध्ययन/परीक्षण गर्नका लागि टोली गठन गरिएको। साथै, नीति अनुसन्धान प्रतिष्ठानले लागू औषध नियन्त्रण राष्ट्रिय नीति, २०६३ का सम्बन्धमा सरोकारवालासँग नीति सम्वाद कार्यक्रम सम्पन्न गरेको।
- मिति २०८३/०५/०१ को निर्णयानुसार सहसचिवको संयोजकत्वमा १२ सदस्यीय "मल सम्बन्धी अध्ययन कार्यदल" गठन भएको र सो कार्यदलले कार्य गरिरहेको ।
- नीति प्रयोगशालाको प्रभावकारिता सम्बन्धमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको।
- नीति अध्ययन तथा पुनरावलोकनका लागि नेपाल सरकारका विभिन्न मन्त्रालय/ निकायबाट माग संकलन गरी विभिन्न क्षेत्र/विषयगतका १२ वटा नीतिहरु अध्ययन अनुसन्धानका लागि नीति अनुसन्धान प्रतिष्ठानलाई पठाइएको।
- त्रिभुवन विश्वविद्यालय, पोखरा विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, राजर्षि जनक विश्वविद्यालय, सुदुरपश्चिम विश्वविद्यालय र काठमाडौं विश्वविद्यालय लगायतका विश्वविद्यालयमा उपकुलपति तथा अन्य पदाधिकारी नियुक्त भएको।
- चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान काठमाडौं, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ललितपुर, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङ, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पोखरा र वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपकुलपति नियुक्ति भएको।
- नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका पदाधिकारी एवम् सभा सदस्यहरू नियुक्ति भएको।
- विभिन्न व्यक्ति, निकाय र मन्त्रालयबाट प्रेषित सामाजिक विकास शाखासँग सम्वन्धित ५८ वटा निवेदन/उजुरी आवश्यक कार्यार्थ सम्वन्धित निकायमा पठाइएको।
- "इन्टर्न आवासीय चिकित्सकको ड्युटी व्यवस्थापन तथा स्वास्थ्य क्षेत्रका अन्य समसामयिक विषयमा बैठक सम्पन्न भई उक्त बैठकका निर्णय कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय/निकायमा पठाइएको।
- राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम चिकित्सा शिक्षा आयोगको सदस्य पदमा ५ जना र चिकित्सा शिक्षा आयोगको कार्यकारी समितिको सदस्य पदमा २ जनाको मनोनयन भएको।

- सामाजिक विकास क्षेत्रमा दिइने तालिम र क्षमता विकास कार्यक्रमको अनुगमन अन्तर्गत युवा, श्रम तथा रोजगार मन्त्रालयअन्तर्गत रहेको राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानबाट चालु आ.व.२०८३/८४ मा सञ्चालन भएका/भइरहेका तालिमको स्थलगत अनुगमन गरी प्रतिवेदन पेस गरिएको।

पूर्वाधार विकास महाशाखा

५.१२ ठूला आयोजना अनुगमन तथा समन्वय शाखा, वातावरण तथा विपद् समन्वय शाखा र पूर्वाधार विकास शाखा

- नेपाल सरकार, मन्त्रिपरिषद्बाट लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत नियुक्ति भएको।
- राष्ट्रिय महत्वका आयोजनको अनुगमन कार्यक्रम अन्तर्गत सूर्यविनायक-धुलिखेल सडक आयोजनाको स्थलगत अनुगमन सम्पन्न भएको।
- सम्माननीय प्रधानमन्त्रीज्यू र निजी क्षेत्रका विभिन्न विषयका सरोकारवालाहरूबीच भएका अन्तर्क्रिया/छलफलका विषयहरू सचिवालयबाट प्राप्त भए पश्चात सम्बन्धित मन्त्रालयमा कार्यान्वयनका लागि पठाइएको।
- संघीय संसद् सचिवालयबाट अन्तर-व्यवस्थापिका संघ (Inter-Parliamentary Union-IPU) को १५३औँ सभामा सम्माननीय सभामुखज्यूले सम्बोधन गर्ने कार्यक्रमका लागि माग भएबमोजिम विनाशकारी बाढी तथा त्यसबाट भएको मानवीय, भौतिक तथा संस्कृतिक सम्पदामा पुगेको अतुलनीय क्षति सम्बन्धी विवरण तयार गरी उपलब्ध गराइएको।

कानून तथा फैसला कार्यान्वयन महाशाखा

५.१३ कानून शाखा र फैसला कार्यान्वयन शाखा

१. <u>कानून सम्बन्धी विवरण</u>

हाल तर्जुमाको अवस्थामा रहेका कानूनहरु

क्र.सं.	नाम	हालको अवस्था

१.	राष्ट्रिय सतर्कता केन्द्र सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक	मन्त्रिपरिषदको मिति २०८३।५।२५ को निर्णयबाट अवधारणापत्र स्वीकृत भएको।
२.	आर्टिफिसियल ईन्टेलिजेन्स सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक	अवधारणापत्र स्वीकृत भई समिति गठन भई छलफलको क्रममा रहेको।
३.	सूचना प्रविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक	मन्त्रिपरिषदको मिति २०८३।५।३१ को निर्णयबाट अवधारणापत्र स्वीकृत भएको।
४.	साईबर सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक	मन्त्रिपरिषदको मिति २०८३।५।३१ को निर्णयबाट अवधारणापत्र स्वीकृत भएको।
५.	भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयक	प्रस्तावित मस्यौदामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट राय/सुझाव प्राप्त भएको।
६.	अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयक	मिति २०८३।४।२८ को पत्रबाट कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई सहमति माग गरिएको।
७.	नेपाल ट्रष्ट ऐन,२०६४ लाई संशोधन गर्न बनेको विधेयक	नेपाल ट्रष्ट कार्यालयबाट संशोधन मस्यौदा मिति २०८३।६।१ मा प्राप्त भएको
८.	सार्वजनिक पदाधिकारीहरूको नियुक्ति सेवा शर्त र पदावधि सम्बन्धी विधेयक	केही नेपाल ऐनको व्यवस्था जगाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन सहमतिको लागि अर्थ मन्त्रालय पत्राचार गरिएको।

संसदमा दर्ता भएका

क्र.सं.	**विधेयकको विवरण**

१.	नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउने सम्बन्धी विधेयक
२.	केही नेपाल ऐनको व्यवस्था जगाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
३.	संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी ऐन, २०५३ लाई संशोधन गर्न बनेको विधेयक
४.	सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक

मन्त्रिपरिषद् विधेयक समितिमा भएका निर्णयहरूको विवरण

क्र.सं.	विषयको संक्षिप्त व्यहोरा	कैफियत
१.	नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयक	प्राप्त परामर्श बमोजिम परिमार्जन गरिएको
२.	सैनिक सेवा (छैठौ संशोधन) नियमावली, २०८३	प्राप्त परामर्श बमोजिम परिमार्जन गरिएको
३.	प्रत्यायन नियमावली, २०८३ स्वीकृत गर्ने	प्राप्त परामर्श बमोजिम परिमार्जन गरिएको
४.	राष्ट्रिय सेवा दलसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक	प्राप्त परामर्श बमोजिम परिमार्जन गरिएको
५.	कारागार नियमावली, २०८३	प्राप्त परामर्श बमोजिम परिमार्जन गरिएको
६.	सहकारी (पहिलो संशोधन) नियमावली, २०८३	प्राप्त परामर्श बमोजिम परिमार्जन

		गरिएको
७.	कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) (पहिलो संशोधन) नियमावली, २०८३	प्राप्त परामर्श बमोजिम परिमार्जन गरिएको
८.	भुक्तानी तथा फछ्यौंट ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक	प्राप्त परामर्श बमोजिम परिमार्जन गरिएको
९.	नागरिक लगानी कोष ऐन, २०४७ लाईफ संशोधन गर्न बनेको विधेयक	प्राप्त परामर्श बमोजिम परिमार्जन गरिएको
१०.	फौजदारी कसूर (कैद कट्टा) (चौथो संशोधन) नियमावली, २०८३	प्राप्त परामर्श बमोजिम परिमार्जन गरिएको
११.	निःशुल्क कानूनी सहायता सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक	प्राप्त परामर्श बमोजिम परिमार्जन गरिएको
१२.	नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३	प्राप्त परामर्श बमोजिम परिमार्जन गरिएको
१३.	क्यासिनो (पहिलो संशोधन) नियमावली, २०८३	प्राप्त परामर्श बमोजिम परिमार्जन गरिएको
१४.	रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्न बनेको विधेयक	प्राप्त परामर्श बमोजिम परिमार्जन गरिएको
१५.	वैकल्पिक विकास वित्त परिचालन नियमावली, २०८३	प्राप्त परामर्श बमोजिम परिमार्जन गरिएको

१६.	दाना पदार्थ (दोस्रो संशोधन) नियमावली, २०८३	प्राप्त परामर्श बमोजिम परिमार्जन गरिएको
१७.	पशु वधशाला र मासु जाँच ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयक	प्राप्त परामर्श बमोजिम परिमार्जन गरिएको
१८.	अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक	प्राप्त परामर्श बमोजिम परिमार्जन गरिएको
१९.	कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) (चौथो संशोधन) आदेश, २०८३	प्राप्त परामर्श बमोजिम परिमार्जन गरिएको

मन्त्रिपरिषदमा प्रस्ताव पेस गरेको विषयहरू

क्र.सं.	विषयको नाम
१.	नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ स्वीकृत गर्ने।
२.	नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३ स्वीकृत गर्ने।
३.	नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउने सम्बन्धी विधेयक संघीय संसदमा पेस गर्न स्वीकृति दिने।
४.	सम्पत्ति छानबिन आयोग, २०८३ को गठन तथा कार्यसम्पादनको शर्त स्वीकृत गर्ने।
५.	सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण (तेस्रो संशोधन) अध्यादेशबाट सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको हकमा प्रतिवेदन लिई अभियोजनलगायतका कार्य गर्न "विशेष सरकारी वकील कार्यालय, काठमाडौं" लाई तोक्ने।

६.	सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची- ५क. मा हेरफेर गर्ने।
७.	सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेस गर्न स्वीकृति दिने।
८.	सार्वजनिक खरिद (पाँचौं संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने।
९.	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८७क. को उपनियम (२) बमोजिम सुरक्षण मुद्रण केन्द्रलाई निजी क्षेत्रसँग प्रतिस्पर्धा गरी व्यापारिक कारोवार गर्न सार्वजनिक निकायको सूचीमा समावेश गर्ने सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने।
१०.	सुशासन (व्यवस्थापन तथा सञ्चालन) (चौथो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने।
११.	केही नेपाल ऐनको व्यवस्था जगाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा पेस गर्न स्वीकृति दिने।
१२.	गणेश नेपालीको आत्मदाह घटनाको सत्यतथ्य पत्ता लगाउन न्यायिक समिति गठन गर्ने।
१३.	तथ्याङ्क (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने।
१४.	नेपाल सरकार (कार्यविभाजन) (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने सम्बन्धमा।
१५.	नेपाल सरकार (कार्यविभाजन) (दोस्रो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने सम्बन्धमा।
१६.	नेपाल सरकार र मिटरब्याज पीडितका प्रतिनिधिहरू बिच भएको सम्झौता अनुमोदन

	गर्ने।
१७.	संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेस गर्न स्वीकृति दिने।
१८.	राष्ट्रिय सतर्कता सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक तर्जुमाको सिद्धान्त स्वीकृत गर्ने।
१९.	सफ्टवेयर विकास तथा सञ्चालन समिति (गठन) आदेश, २०८३ स्वीकृत गर्ने।
२०.	सफ्टवेयर विकास तथा सञ्चालन केन्द्रको प्रमुख कार्यकारी निर्देशक पदमा नियुक्ति गर्ने।
२१.	सरकारी निर्णय प्रक्रिया (सरलीकरण तथा डिजिटल बनाउने) सम्बन्धी नियमावली, २०८३ स्वीकृत गर्ने।
२२.	साइबर सुरक्षा सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक तर्जुमाको सिद्धान्त स्वीकृत गर्ने।
२३.	सार्वजनिक खरिद (सोह्रौं संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने।
२४.	सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेस गर्न स्वीकृति दिने।
२५.	सूचना प्रविधि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक तर्जुमाको सिद्धान्त स्वीकृत गर्ने।

२. <u>लिखित जवाफ तयारीः</u>

आ.व. २०८३/८४ मा सम्माननीय प्रधानमन्त्री, नेपाल सरकार, मन्त्रिपरिषद्, मुख्यसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरूबाट म्याद प्राप्त हुन आएका ९७ वटा मुद्दाहरूको लिखित जवाफ, पुनरावेदन पत्र तथा प्रतिउत्तर पत्र तयार गरी सम्बन्धित अदालतमा पठाइएको।

३. <u>राजपत्रमा प्रकाशित हुने सूचना सम्पादनः</u>

यस कार्यालयको तर्फबाट नेपाल राजपत्रमा प्रकाशित गरिने सूचनाहरू सम्पादनको लागि कानून, न्याय तथा संसदीय मामला मन्त्रालयमा पठाइएको र सो मन्त्रालयबाट सम्पादन भई आए पश्चात प्रकाशनको लागि मुद्रण विभागमा पठाइएका सूचनाहरूको विवरण

क्र.सं.	नाम	प्रकाशित मिति
१.	नेपाल सरकारका तर्फबाट वार्ता टोलीका संयोजक तथा मिटरब्याज विरुद्ध किसान मजदुर आन्दोलनका प्रतिनिधि बीच भएको सम्झौता	२०८३।४।६
२.	तथ्याङ्क (पहिलो संशोधन) नियमावली, २०८३	२०८३।४।२८
३.	सफ्टवेयर विकास तथा सञ्चालन समिति (गठन) आदेश, २०८३	२०८३।५।३
४.	सार्वजनिक खरिद (सोह्रौ संशोधन) नियमावली, २०८३	२०८३।५।३
५.	कृषि, वन तथा पर्यावरण मन्त्रालयको कार्यभार सम्हाल्ने सम्बन्धी सूचना	२०८३।५।१५
६.	नेपाल सरकार (कार्यविभाजन) (पहिलो संशोधन) नियमावली, २०८३	२०८३।६।२
७.	परराष्ट्र मन्त्रालयको कार्यभार सम्हाल्ने सम्बन्धी सूचना	२०८३।६।५
८.	सरकारी निर्णय प्रक्रिया (सरलीकरण तथा डिजिटल बनाउने) सम्बन्धी नियमावली, २०८३	२०८३।६।१२
९.	अर्थ मन्त्रालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय, गृह मन्त्रालय, शिक्षा तथा खेलकुद मन्त्रालयको कार्यभार सम्हाल्ने	सम्पादनको लागि कानून, न्याय तथा संसदीय

	सूचना	मामला मन्त्रालय पठाइएको

४. सर्वोच्च अदालतमा विभिन्न मुद्दाको सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयहरू वा अन्य विवरण माग भई यस कार्यालयलाई पत्राचार भएकोमा सोको जवाफ पठाइएको।

५. सम्मानित अदालतबाट भएका फैसला/आदेश कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा जम्मा ९३ वटा पत्र मार्फत ताकेता गरिएको।

६. सम्मानित अदालतबाट भएका फैसला/आदेश कार्यान्वयनको लागि फैसला कार्यान्वयन अनुगमन समितिमा पेस गरिएको।

७. झुट्टा विवरण दिई विदेशी नागरिकले नागरिकता प्राप्त गरेको विषय सम्बन्धी विवरण आवश्यक अनुसन्धानका लागि गृह मन्त्रालय पठाइएको।

८. फैसला कार्यान्वयन अनुगमन कास्की जिल्लामा सम्पन्न गरिएको।

मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा

५.१४ मानव अधिकार शाखा र अन्तर्राष्ट्रिय कानून र सन्धि सम्झौता शाखा

- राष्ट्रिय मानव अधिकार आयोगमा परेको उजुरीका सम्बन्धमा उक्त आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखि आएका २८ वटा सिफारिसहरू सम्बन्धित निकायमा पठाइएको।
- धनकुटा, मोरङ र सुनसरीका कारागार तथा केही हिरासत कक्षहरूको अनुगमन गरी थुनुवा तथा कैदीवन्दीहरुको मानव अधिकारको अवस्था अनुगमन तथा निरीक्षण गरिएको।
- विश्वव्यापी आवधिक पुनरावलोकन (चौथो चक्र) बाट प्राप्त सिफारिसलाई कार्यान्वयन गर्न कार्ययोजना निर्माणका लागि उक्त सिफारिसहरूलाई नेपाली भाषामा अनुवाद गरी पेस गरिएको।
- राष्ट्रिय मानव अधिकार आयोगबाट गरिएका सिफारिसहरूको कार्यान्वयवन अवस्थाको समिक्षा गरी नेपाल सरकार, मुख्यसचिवस्तरीय निर्णयानुसार गठित सहजीकरण समितिले मिति २०८३।५।२५ मा बैठक बसी देहायबमोजिमको निर्णय गरिएको:

- नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएको मानव अधिकारसम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजना (आ.व.२०८३/०८४-२०८७/८८) कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय/निकायको कार्यक्षेत्रभित्र पर्ने भनी जिम्मेवारी निर्धारण गरिएका क्रियाकलापहरू कार्यान्वयन गरी सम्बन्धित मन्त्रालय/निकायले तोकिएको अवधिभित्र नियमित रूपमा प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्ने।
- राष्ट्रिय मानव अधिकार आयोगमा परेका उजुरीको सम्बन्धमा आयोगबाट वि.सं. २०७० सालदेखि हालसम्म विभिन्न मितिमा निर्णय भई कार्यान्वयनका लागि लेखी आएका सिफारिसहरूको (क्षतिपूर्ति/दोषीलाई कारवाही/विभागीय सजाय/नीतिगत सुधार/खोजतलास आदि) कार्यान्वयनको स्थिति खुल्ने विवरण (कार्यान्वयन हुन नसक्ने भए औचित्य र कारण खुलाई) पठाउन गृह र रक्षा मन्त्रालयबाट माग गरिएको।

- मानव अधिकारसम्बन्धी छैटौं कार्ययोजनामा व्यवस्था भएबमोजिमको संघीय समन्वय समितिमा अनौपचारिक क्षेत्र सेवा केन्द्रका अध्यक्ष श्री बिजय राज गौतम, नेपाल मानव अधिकार संगठनका कोषाध्यक्ष श्री टिका डाँगी र समन्यायिक समाज नेपालका अध्यक्ष श्री भक्तबहादुर विश्वकर्मालाई तोकिएको।
- मानव अधिकारसम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजना (आ.व.२०८३/८४-२०८७/८८) मा व्यवस्था भएबमोजिम गठन भएको संघीय समन्वय समितिको बैठक बसी कार्ययोजना कार्यान्वयनका विषयमा विभिन्न निर्णय भएको।

५.१५ सम्पत्ति शुद्धीकरण निवारण समन्वय शाखा

- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७ब. बमोजिमको निर्देशक समितिको निर्णयानुसार गठित प्रगति अनुगमन तथा प्रतिवेदन टोलीले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा नियमनकारी, अनुसन्धानकारी एवम् अन्य सम्बद्ध निकायबाट भइरहेका कार्यको प्रगति अवस्थाको नियमित प्रतिवेदन गरिरहेको।
- सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा नियमनकारी, अनुसन्धानकारी एवम् अन्य सम्बद्ध निकायको प्रभावकारिता अभिवृद्धि गर्न सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७भ. बमोजिम गठित समन्वय समितिबाट आवश्यक समन्वय गरिएको।
- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४४ज. बमोजिम नियमनकारी, अनुसन्धानकारी एवम् अन्य सम्बद्ध निकायबाट आ.व २०८२/८३ मा

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा भएका कार्यहरुको वार्षिक प्रतिवेदन तयार गर्न विवरण संकलन भईरहेको।

- वित्तीय जानकारी इकाई र अनुसन्धानकारी निकायको काम कारबाहीलाई प्रभावकारी बनाउन राष्ट्रिय परिचयपत्र, राजस्व, उद्योग, भूमि लगायतका अन्य सम्पत्ति, विभिन्न निकायमा रहेका अपराध सम्बन्धी अभिलेख, धितोपत्र आदिको अभिलेख विद्युतीय माध्यमबाट आदान प्रदान हुने व्यवस्थाका लागि सम्बद्ध निकायका प्रतिनिधिहरूसँग बिभिन्न समयमा समन्वयात्मक बैठक बसी विवरण आदान प्रदान हुने व्यवस्थाका लागि प्राविधिक टोलीबाट कार्य भईरहेको।

६.प्रवक्ता र सूचना अधिकारीको विवरण

यस कार्यालयसँग सम्बन्धित सूचना तथा निर्णयहरूको प्रभावकारी रूपमा सञ्चार तथा व्यवस्थापन गर्नका लागि प्रवक्ता, सहायक प्रवक्ता र सूचना अधिकारीको व्यवस्था गरिएको छ। राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतलाई कार्यालयको प्रवक्ता र राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई कार्यालयको सहायक प्रवक्ताको रूपमा जिम्मेवारी तोकिएको छ। कार्यालयसम्बद्ध सूचना माग गर्ने निवेदकहरूलाई सूचना, प्रेस तथा संसद समन्वय शाखाबाट सहज रूपमा सूचना उपलब्ध हुने व्यवस्था मिलाइएको छ। सो शाखाको प्रमुखको रूपमा रहने राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई कार्यालयको सूचना अधिकारीको जिम्मेवारी तोकिएको छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले निर्दिष्ट गरेको ढाँचामा कुनै पनि नेपाली नागरिकले यस कार्यालयमा विधिवत् निवेदन दिई यस शाखामार्फत आफूलाई आवश्यक परेको सूचना कानूनबमोजिम सहज रूपमा प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको छ।

<u>प्रवक्ताको विवरण</u>

नाम	:	**हेमराज अर्याल**	
पद	:	सहसचिव	
महाशाखा	:	प्रशासन महाशाखा	
सम्पर्क नम्बर	:	९८५१२७०३३०	
इमेलः	:	spokesperson@opmcm.gov.np	

सहायक प्रवक्ता / सूचना अधिकारीको विवरण

नाम	:	**राजन भट्टराई**	
पद	:	उपसचिव	
शाखा	:	सूचना, प्रेस तथा संसद समन्वय शाखा	
सम्पर्क नम्बर	:	९८५१३३९५६४	
इमेल	:	suchanaadhikari@opmcm.gov.np	

७. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

यस कार्यालयसँग सम्बन्धित ऐन, नियमावली तथा निर्देशिकाहरूको विवरण

(क) ऐनहरू

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६
- लगानी बोर्ड ऐन, २०६८
- तथ्याङ्क ऐन, २०७९

(ख) नियमावली तथा कार्ययोजनाहरू

- नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३
- नेपाल सरकार (कार्यसम्पादन) नियमावली), २०६४
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५
- प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९
- नयाँ नेपाल निर्माण कोष (सञ्चालन) नियमावली, २०६८
- संवैधानिक परिषद् (कार्यविधि) नियमावली, २०६८
- सुशासन मार्गचित्र, २०८२
- सरकारी निर्णय प्रक्रिया (सरलीकरण तथा डिजिटल बनाउने) सम्बन्धी नियमावली, २०८३

(ग) निर्देशिकाहरू

- हेलो सरकार गुनासो व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०७८
- सार्वजनिक निकायको बैठक तथा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९

- नेपाल सरकारका अति विशिष्ट तथा विशिष्ट श्रेणीका पदाधिकारीले गर्ने विदेश भ्रमण, दिवा तथा रात्रिभोज एवम् उपहारसम्बन्धी निर्देशिका, २०७२
- सवारी साधन (सञ्चालन तथा मर्मत) सम्बन्धी निर्देशिका, २०७२
- जातीय भेदभाव र छुवाछुत अन्त्य तथा दलित अधिकार प्रवर्द्धनसम्बन्धी कार्यविधि, २०७३
- वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५
- नागरिक एप (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७८
- सार्वजनिक पदाधिकारीको कार्यसम्पादन करार निर्देशिका, २०७९
- तत्काल समस्या समाधान निर्देशिका, २०७९

८. कार्यालयको वेबसाइट

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइट निम्नानुसार रहेको छः

https://www.opmcm.gov.np

वेबसाइटमा सम्माननीय प्रधानमन्त्रीज्यू, मन्त्रिपरिषद्, नेपाल सरकारका मुख्यसचिवज्यूलगायत यस कार्यालयसँग सम्बन्धित महत्त्वपूर्ण सूचना तथा जानकारी एवम् ऐन, नियम, नीति निर्देशिकाहरू राखिएका छन्।

९. यस अवधिमा माग भएको सूचना र उपलब्ध गराइएको सूचना सङ्ख्या

सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्दै यस कार्यालयका सूचना अधिकारी र कार्यालय प्रमुखलाई सम्बोधन गरी यस अवधिमा विभिन्न व्यक्ति तथा संस्थाबाट माग भएका ५२ वटा सूचना उपलब्ध गराइएको।